**संघीय संसद**
**प्रतिनिधि सभा**
**सार्वजनिक लेखा समिति**
**बैठक संख्या-३५**

मितिः-२०८१/१०/०९

## छलफल तथा निर्णयहरु

नेपाल निर्माण व्यवसायी महासंघ तथा अन्य संघसस्थाहरु तथा उपभोक्ताहरुबाट जनगुनासो अस्वभाविक रुपमा सिमेन्टको बजार मूल्य बढाएको तथा यसबाट निर्माण कार्य समेत प्रभावित भएको भनि समितिमा लिखित जनगुनासो प्राप्त भएको र सो सम्बन्धी कार्यसूचीमाथी समितिको आजको बैठकमा छलफल भई देहाय बमोजिम निर्देश गर्ने निर्णय भयो।

माग र आपूर्ति तथा प्रतिस्पर्धात्मक बजार बस्तु तथा सेवाको मूल्य निर्धारण गर्ने प्राथमिक/आधारभूत पक्ष भए पनि उपभोक्ता हित संरक्षण तथा प्रवर्द्धन गर्नु राज्यको दायित्व हो। भौतिक पूर्वाधार निर्माणका लागि आवश्यक प्रमुख निर्माणजन्य सामाग्री सिमेन्टको मूल्य वृद्धिले सार्वजनिक भौतिक पूर्वाधार निर्माणको लागत समेत बढ्न जाने देखिन्छ। सिमेन्ट निर्यात गरिएको मुलुकमा भन्दा आन्तरिक उपभोक्ताले बढि मूल्य तिर्नु पर्ने अवस्थालाई स्वार्थप्रेरित छैन भन्न मिल्दैन। खुला बजार प्रतिस्पर्धा भनिएतापनि उत्पादकहरु संगठित भई समझदारीमा नै गरिने/गर्न सकिने मूल्य वृद्धि चुनौतीपूर्ण एवं गैरजिम्मेवारपूर्ण हुने भएकोले सम्बन्धित मन्त्रालयको हस्तक्षेप जरुरी देखिन्छ। मूल्यवृद्धि तथ्यमा आधारित एवं न्यायोचित हुनुपर्दछ। पुरानो घाटालाई पूर्ति गर्ने प्रयोजनको लागि Price Adjustment गरिने कार्यलाई वैध मान्न सकिदैन। तसर्थः

१. सिमेन्टमा भएको मूल्यवृद्धि प्रथम दृष्टिमा अस्वभाविक देखिएकोले ७(सात) दिनभित्र विस्तृत अध्ययन/विश्लेषण गरि तत्काल मूल्यवृद्धि नियन्त्रण गर्न समितिको यो बैठक उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई निर्देश गर्दछ।
२. कुनैपनि बस्तु तथा सेवाको मूल्य निर्धारण गर्न तथा नियमित रुपमा परीक्षण गर्न Price Assessment System विकास गरि कार्यान्वयनमा ल्याउन समितिको यो बैठक उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय तथा सम्बन्धित निकायलाई निर्देश गर्दछ।
३. औद्योगिक (खास गरि सिमेन्ट उद्योगहरु)मा लोडसेडिङ्ग भइरहेको जानकारी/सूचनाहरु आएकोले सो सम्बन्धमा के भएको हो भन्ने सम्बन्धमा ऊर्जा मन्त्रालयसँग जानकारी माग गर्ने।
४. समितिको अर्को बैठक अर्को सूचना जारी भएपछि बस्ने गरि आजको बैठक स्थगित भयो।